# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड७,जनकपुरधाम नेपाल ,असार ३१गते,२०८०साल (अतिरिक्ताङ्क१(क)

भाग १

मधेश प्रदेश सरकार

गृह सञ्चार तथा कानून मन्त्रालय

मधेश प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सम्वत् २०८० सालको ऐन नम्बर ०१

## मधेश प्रदेशका केही कानूनलाई संशोधन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** प्रदेश सभा, मधेश प्रदेशको सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ

बहुमतबाट पारित भई प्रदेशको नामकरण मधेश प्रदेश कायम भएको हुनाले प्रदेश कानूनमा संशोधन गर्न वाञ्छनीय भएकोले,

मधेश प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "मधेश प्रदेशका केही कानूनलाई संशोधन गर्ने ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कानून" भन्नाले यस ऐन प्रयोजनका लागि कानून भन्नाले प्रदेशका प्रचलित सम्पूर्ण कानूनलाई सम्झनु पर्छ।

(ख) "प्रदेश नं. २" भन्नाले प्रदेशका प्रचलित कानूनहरुमा उल्लेख भएका 'प्रदेश नं. २' वा 'प्रदेश नम्बर दुई' वा 'प्रदेश नं. दुई' वा 'प्रदेश नम्बर २' समेतलाई सम्झनु पर्छ ।

३. **प्रदेशका प्रचलित कानूनमा संशोधन:** मधेश प्रदेशको प्रचलित कानूनमा ठाँउ ठाँउमा रहेको "प्रदेश नं.२" भन्ने शब्दावलीको सट्टा "मधेश प्रदेश" भन्ने शब्दावली कायम गरिएको छ।

प्रमाणीकरण मितिः२०८०।०३।३१

आज्ञाले
उमेश कुमार ढकाल
प्रदेश सचिव
गृह,सञ्चार तथा कानून मन्त्रालय